नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७४।०५।०४

## प्रेस विज्ञप्ति

मिति २०७४ श्रावण २७ गते देखि परेको अविरल वर्षाका कारण बाढी, पहिरो र डुबानबाट प्राप्त पछिल्लो विवरण अनुसार १४३ जनाको मृत्यू, ३० जना वेपत्ता र ४३ जना घाइते भएका छन । बाढी, पहिरो र डुवानबाट प्राप्त प्रारम्भिक विवरण अनुसार ७९,८१२ घरमा पूर्ण रुपमा क्षति पुगेको छ भने १,४४,४४४ घरमा आशिंक रुपमा क्षति भएको छ । पूर्ण घर क्षति र आंशिक घर क्षतिको पूर्ण विवरण आउने क्रम जारी रहेको छ ।

राहत वितरणका क्रममा २०७४ भाद्र ३ गतेका दिन नेपाली सेनाको हेलिकप्टरमार्फत धादिङ्गको सदरमुकामबाट हिम्दुङ्ग रुवीभ्यालीमा ३ ट्रिप (१२०० के.जी.) राहत सामाग्री पठाइएको छ ।नेपाल खाद्य संस्थान, थापाथलीबाट खाद्य सामग्री एवं त्रिपाल समेत गरी २ ट्रक (सशस्त्र प्रहरी बल) सामग्री रौतहट र पर्साको ठोरी (नौगाँउ) को लागि पठाइएको छ ।हिजो नै क्षेत्रीय आपतकालिन गोदाम घर, हेटौडबाट ५५० थान त्रिपाल रौतहटका लागि पठाईएको छ । क्षेत्रीय आपतकालिन गोदाम घर, इनरुवाबाट महोत्तरी जिल्लाका लागि १७०० थान त्रिपाल, सुनसरीका लागि २००० थान कम्वल, सिराहाका लागि २००० थान त्रिपाल र २००० थान कम्वल पठाईएको छ ।

**बाढी, पहिरो र डुबान प्रभावित जिल्लाहरुमा वितरण गरिएका राहत सामग्रीहरुको विवरण:-**
त्रिपाल-५३,४५५ थान, कम्वल-२६४९ थान, मेट्रेस-३२३२ थान, झुल-२६४५ थान, भाँडाकुँडा-७३१५ सेट, चामल-१४२४९३ क्विण्टल, पिठो-५४१८ के.जी., दाल-१५२६७ के.जी., चिउरा-७००४० के.जी., चिनी-३७०१ के.जी., कपडा-५१७७ थान, चाउचाउ-९९९६४ प्याकेट, भुजिया-२५२१४ के.जी., दालमोठ-२००४१ के.जी., बिस्कुट-५५५४४ कार्टुन, पानी-

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

३४४५९ कार्टुन, तेल-५९०७ लिटर, नुन-१२०७५ के.जी. तथा अन्य गैर खाद्य सामग्री-२५९६ थान वितरण गरिएको छ ।

बाढी, पहिरो र डुबानबाट मृत्यु भएकाका परिवार वा आफन्तलाई नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय भए बमोजिम रु. २ लाख राहत वितरण गर्ने कार्य भईरहेको छ । प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड बमोजिम घर पूर्ण वा आंशिक रुपमा क्षति भएका परिवारहरुलाई मापदण्ड बमोजिमको राहत रकम वितरणको कार्य समेत जारी छ ।

यसैविच आज बाढी पहिरो र डुबान प्रभावित जिल्लाहरुमा नेपाल सरकारको स्वीकृत मापदण्ड तथा नेपाल सरकारको निर्णयबमोजिम पीडितहरुलाई राहत सामग्री खरिद गरी वितरण गर्न, मृतकका परिवारलाई आर्थिक सहायता दिन तथा अन्य तोकिएबमोजिमको राहत रकम उपलब्ध गराउन सम्बन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार कोषहरुमा रकम आवश्यक पर्ने देखिएको हुँदा देहाय बमोजिम रकम निकासा गरिएको छ ।

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या:-

~~प्राप्त पत्र संख्या र मिति:-~~

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

| सि. नं. | जिल्ला प्रशासन कार्यालय | निकासा भएको रकम रु. |
|---|---|---|
| १ | पाँचथर | १०,००,०००/- |
| २ | झापा | ६०,००,०००/- |
| ३ | मोरङ्ग | ६५,००,०००/- |
| ४ | सुनसरी | ७०,००,०००/- |
| ५ | उदयपुर | २०,००,०००/- |
| ६ | सप्तरी | ५०,००,०००/- |
| ७ | सिराहा | २०,००,०००/- |
| ८ | सर्लाही | ५०,००,०००/- |
| ९ | महोत्तरी | ५०,००,०००/- |
| १० | धनुषा | ३०,००,०००/- |
| ११ | बारा | २०,००,०००/- |
| १२ | रौतहट | ८०,००,०००/- |
| १३ | पर्सा | ६०,००,०००/- |
| १४ | रसुवा | १०,००,०००/- |
| १५ | भक्तपुर | १०,००,०००/- |
| १६ | चितवन | १५,००,०००/- |
| १७ | मकवानपुर | २०,००,०००/- |
| १८ | बाग्लुङ | २०,००,०००/- |
| १९ | नवलपरासी | ५०,००,०००/- |
| २० | रुपन्देही | १५,००,०००/- |
| २१ | कपिलवस्तु | २०,००,०००/- |
| २२ | दाङ्ग | ३०,००,०००/- |
| २३ | बाँके | ६०,००,०००/- |
| २४ | बर्दिया | ९०,००,०००/- |
| २५ | सुर्खेत | १०,००,०००/- |
| २६ | कालिकोट | १०,००,०००/- |
| २७ | कैलाली | ४०,००,०००/- |
| जम्मा | | ९,८५,००,०००। (अक्षरुपी नौ करोड पचासी लाख मात्र) |

(रामकृष्ण सुवेदी)
सह-सचिव/प्रवक्ता